# बार्षिक समिक्षा प्रतिवेदन

# गलकोट नगरपालिका, बागलुङ

## आ.व.२०८०/०८१

# नगरपालिकाको संक्षिप्त परिचय

- नेपालको ईतिहासमा चौबिसे राज्य अन्तरगत रहेको ऐतिहासिक नगरपालिका।
- राजा प्रतापी नारायण मल्लले आफ्ना जेठा छोरा जितारी मल्ललाई अंश स्वरुप दिएपछि स्थापना भएको गलकोट राज्य शुरुवाटमा चारैतिर भिरालो डाँडामा किल्ला ( कोट) र दरबार बनाई शासन शुरुवाट गरेको र गोलो डाँडा माथिको गलकोट भन्दा यही शब्दाबाट गोलकोट हुंदै गलकोट नाम रहन गएको ।
  - क्षेत्रफल : १९४.३९ वर्ग मिटर
  - वडा सँख्या : ११
  - जिल्ला सदरमुकाम देखी नगरपालिकाको केन्द्र सम्मको दुरी :४८ कि.मि
  - गण्डकी प्रदेशको राजधानी पोखरा सम्मको दुरी १२३ कि.मि.
  - उचाई समुद्री सतहको ७६१ देखी ३१६७.७८ मिटर
  - जनसंख्या : ३०५८८

# बजेट निकासा तथा खर्चको प्रगती विवरण

| क्र. सं. | शिर्षक | आ.व.०८०/०८१ को | | | | आ.व.०८१।०८२ को प्रस्तावित/स्वीकृत आय |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावित आय रु.हजारमा | यथार्थ आय रु.हजारमा | यथार्थ खर्च रु.हजारमा | खर्च प्रतिशत | |
| १ | कुल जम्मा बजेट | 681891 | 645680 | 604731 | ८८.८६ | 691142 |
| २ | कुल पूंजिगत बजेट | 150795 | 129012 | 129012 | 85.55 | 172910 |
| ३ | कुल चालु बजेट | ५३१०९६ | 475718 | 475718 | 89.57 | 518242 |
| ४ | संघीय वित्तीय समानीकरण अनुदान | 113800 | 105834 | 103000 | ९०.५० | 114700 |
| ५ | संघीय सशर्त अनुदान पूंजिगत | 5000 | 4952 | 4952 | 99.44 | 2300 |
| ६ | संघीय सशर्त अनुदान चालु | 356673 | 354843 | 335895 | ९४.17 | 357024 |
| ७ | संघीय विशेष अनुदान चालु | 5000 | 3300 | 2887 | 57.75 | 17500 |
| ८ | संघीय समपुरक अनुदान पूंजिगत | 6000 | 6000 | 6000 | 100 | 0 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | प्रदेश वित्तीय समानीकरण अनुदान | १५११८ | 11338 | 10817 | 72.55 | 15029 |
| १० | प्रदेश सशर्त अनुदान पूंजिगत | 5000 | 4657 | 4657 | 93.14 | 0 |
| ११ | प्रदेश विषेश अनुदान पूंजिगत | 0 | 0 | 0 | 0 | ४००० |
| १२ | प्रदेश समपुरक अनुदान पूंजिगत | 5000 | 0 | 0 | 0 | 6000 |
| १३ | संघीय राजस्व वांडफांड | 109500 | 92852 | 89678 | 81.89 | 116300 |
| १४ | प्रदेश राजस्व वांडफांड | 10800 | 10532 | 5912 | 57.74 | 11152 |
| १५ | आन्तरिक आय | 20000 | 20662 | 14762 | 73.81 | 24500 |
| १६ | गत वर्षको अल्या | 20000 | 20634 | 18328 | 91.64 | 20937 |

# क्षेत्रगत प्रगति विवरण

| सि. नं. | बिषयगत क्षेत्र | स्वीकृत योजना तथा कार्यक्रम संख्या | विनियोजित बजेट | खर्च रकम | वित्तीय प्रगती प्रतिशत | भौतिक प्रगती प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | 291 | 98630000 | 83340554 | 84.5 | 98.25 |
| २ | आर्थिक विकास | 69 | 109174000 | 90553704 | 82.94 | 88 |
| ३ | सामाजिक विकास | 106 | 357507000 | 335522543 | 93.85 | 99 |
| ४ | वन वातावरण र विपद व्यवस्थापन | 23 | 9320000 | 6391468 | 68.57 | 91 |
| ५ | सुशासन तथा संस्थागत विकास | 24 | 9740000 | 6625667 | 68.02 | 95 |
| ६ | का.स.तथा प्रशासनिक खर्च | 104 | ९७५२०००० | ८२२९७२०३ | 84.39 | 100 |
| | **कुल जम्मा** | **617** | **681891000** | **604731139** | **88.68** | **90** |

# सम्पादन गरिएका मुख्यमुख्य कार्यक्रमहरु

- ०.७७६ कि.मि. सडक ढलान गरिएको ।
- ०.३६ कि.मि. सडक ग्राभेल गरिएको ।
- ४.८१ कि.मि. सडक ट्याक खोलिएको ।
- ५९.८४ कि.मि. सडक मर्मत सम्भार गरिएको ।
- १.३३ कि.मि. पक्की नाली
- ५.६८ कि.मि. कच्ची नाली निर्माण गरिएको ।

# सम्पादन गरिएका मुख्यमुख्य कार्यक्रमहरु

- ३.२४ कि.मि. पक्की सिँचाई कुलो निर्माण गरिएको ।
- २४७ घन मिटर मेसिनरी पर्खाल निर्माण गरिएको ।
- ११५० घन मिटर ग्याविन पर्खाल निर्माण गरिएको ।
- ९ वटा कल्भर्ट/ क्रस नाली निर्माण गरिएको ।
- ४.६१ कि.मि. गोरेटो बोटोमा सिंढी/सोलिङ गरिएको ।

# सम्पादन गरिएका मुख्यमुख्य कार्यक्रमहरु

- ११ वटा खेलमैदान निर्माण तथा मर्मत गरिएको।
- कुल ४ वटा रिजर्भ ट्यांकी मर्मत गरिएको।
- ४.१० कि.मि. खानेपानी पाइपलाइन निर्माण गरिएको।
- ८ वटा सामुदायिक भवन
- ३४ वटा विद्यालय भवन
- ७ वटा शौचालय
- ३ वटा धार्मिक तथा पुरातात्विक स्थल/ मोठ मन्दिर
- ५ वटा प्रतिक्षालय/सत्तल  निर्माण तथा स्तरोन्नती गरिएको।

# सम्पादन गरिएका मुख्यमुख्य कार्यक्रमहरु

| विवरण | ईकाई | परिमाण |
|---|---|---|
| सडक: ट्र्याक खोल्ने कच्ची | कि.मि. | ४.८१ |
| ग्राभेल | कि.मि. | ०.३६ |
| पक्की कालोपत्रे ढलान | कि.मि. | ०.७७६ |
| मर्मत सम्भार | कि.मि. | ५९.८४ |
| पक्की नाली | कि.मि. | १.३३ |
| कच्ची नाली | कि.मि. | ५.६८ |
| मेसिनरी पर्खाल | घन मिटर | २४७.१८ |
| प्लम्ब पर्खाल | घन मिटर | १०४.४२ |
| ग्याविन बक्स | घन मिटर | ११५०.३४ |

# सम्पादन गरिएका मुख्यमुख्य कार्यक्रमहरु

| विवरण | ईकाई | आ.व. २०८०/०८१ को प्रगति |
|---|---|---|
| कल्भर्ट तथा क्रस नाली | संख्या | ९ |
| गोरेटो बाटो सिढी तथा सोलिङ | कि.मि. | ४.६१ |
| सिंचाई कुलो | कि.मि. | ३.२३ |
| नदी नियन्त्रण तटबन्ध | घन मिटर | १५० |
| पाईप | मिटर | ४४२५ |
| ढल निकास | कि.मि. | ०.१५ |

# कार्यक्रमहरुको रकम र संख्याको आधारमा वर्गीकरण संक्षेप

| विवरण रु | संख्या | विनियोजन | खर्च | खर्च % |
|---|---|---|---|---|
| २० लाख भन्दा माथिका | ५ | २४१४२७८३६ | ११७१८८२५० | ४८.५४ |
| १० लाख भन्दा माथि २० लाख सम्मका | १२ | २६६४४००० | २६५०३७५१ | 99% |
| ५ लाख भन्दा माथि १० लाख सम्मका | २१ | १५६६९८९३ | १४९५०४७४ | 95% |
| ३ लाख भन्दा माथि ५ लाख सम्मका | २९ | १२५९०००० | १२०८२७६९ | 96% |
| १ लाख भन्दा माथि ३ लाख सम्मका | १२६ | २६४६४०११ | २६१८१८२७ | 99% |
| १ लाख सम्मका | ९३ | ८७९८०१८ | ८५३६०४६ | 97% |
| जम्मा | २८६ | 331593758 | 205443117 | |

# आ.व. २०८०/८१ मा शिक्षा, युवा तथा खेलकुद शाखाका सम्पादित मुख्य कार्यहरु

## ५. नगर प्रमुख शैक्षिक छात्रवृत्ति कोष (सञ्चालन) कार्यविधि निर्माण तथा वितरण

५.१ छात्रवृत्तिमा विद्यार्थी छनौट गर्ने प्रक्रिया:-

छात्रवृत्तिमा विद्यार्थी छनौट गर्ने प्रक्रिया:-

क)गल्कोट नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयहरुमा अध्यनरत गरीवि जेहेन्दार विद्यार्थीहरुको पहिचान गरि प्रत्येक विद्यालयहरु बाट आधारभूत तहबाट एक जना पर्ने गरि एक छात्र र एक छात्रा छनौट गरी जम्मा १२२ जनालाई नगद रू २००० (अक्षेरुपे दुई हजार) का दरले छात्रावृत्ति प्रदान गर्ने,

ख) गल्कोट नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयहरुमा अध्यन गरी स्नातक तह अध्ययन गर्नका लागि गरिव तथा विपन्न विद्यार्थीहरु मध्ये बाट प्रत्येक वडा शिक्षा समिति बाट सिफारीस भएका २ जना गरी २२ जनालाई रु. ८००० (अक्षेरुपे आठ हजार) का दरले छात्रावृति दिने,

ग) गल्कोट नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयहरुमा अध्यनरत आधारभूत तह (कक्षा ८) मा अध्यनरत उत्कृष्ट अंक प्राप्त गर्ने उत्कृष्ट ३ छात्र ३ छात्रा र संस्थागत बाट एक छात्र एक छात्रालाई रु ५००० (अक्षेरुपे पाँच हजार) का दरले छात्रावृति दिने,

घ) गल्कोट नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयहरुबाट SEE वार्षिक परिक्षामा उत्कृष्ट अंक प्राप्त गरी विज्ञान संकाय सञ्चालन भएको विद्यालयमा कक्षा ११ मा भर्ना भई अध्ययन गर्ने दुई छात्रा र दुई छात्र गरी जम्मा ४ जना छनौट गरि रु ७००० (अक्षेरुपे सात हजार) का दरले छात्रवृत्ति प्रदान गर्ने,

ङ) गल्कोट बहुमुखि क्याम्पसमा संचालित दुई संकाय (शिक्षा र व्यवस्थापन) अध्यन गर्ने विद्यार्थीहरुका लागि उत्कृष्ट अंक प्राप्त गर्ने गरिबि/ जेहेन्दार (पहिलो/दोस्रो /तेस्रो/चौथो) बर्षमा अध्यनरत विद्यार्थिहरुबाट (शिक्षा र ब्यबस्थापन) ८ जना गरि १६ जनालाई प्रत्येक वर्षको लागी जम्मा शुल्क वापतको ५० प्रतिशत छात्रावृत्ति प्रदान गर्ने।

च) सामुदायिक तथा संस्थागत विद्यालबाट जेहेन्दार विद्यार्थीहरुमध्येबाट SEE मा उत्कृष्ट अंक प्राप्त गर्ने दुई छात्रा दुई छात्र ( सामुदायिक दुई र संस्थागत दुई गरी जम्मा चार जनालाई प्रत्येकलाई रू. ३००० का दरले छात्रावृत्ति प्रदान गर्ने,



# आ.व. २०८०/८१ मा शिक्षा, युवा तथा खेलकुद शाखाका सम्पादित मुख्य कार्यहरु

## नगर प्रमुख शैक्षिक छात्रवृत्ति कोष (सञ्चालन) कार्यविधि निर्माण तथा वितरण

५.१ छात्रवृत्तिमा विद्यार्थी छनौट गर्ने प्रक्रिया:-

छात्रवृत्तिमा विद्यार्थी छनौट गने प्रक्रिया:-

क)गल्कोट नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयहरुमा अध्यनरत गरीवि जेहेन्दार विद्यार्थीहरुको पहिचान गरि प्रत्येक विद्यालयहरु बाट आधारभूत तहबाट एक जना पर्ने गरि एक छात्र र एक छात्रा छनौट गरी जम्मा १२२ जनालाई नगद रू २००० (अक्षेरुपे दुई हजार) का दरले छात्रावृत्ति प्रदान गने,

ख) गल्कोट नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयहरुमा अध्यन गरी स्नातक तह अध्ययन गर्नका लागि गरिव तथा विपन्न विद्यार्थीहरु मध्ये बाट प्रत्येक वडा शिक्षा समिति बाट सिफारीस भएका २ जना गरी २२ जनालाई रु. ८००० (अक्षेरुपे आठ हजार) का दरले छात्रावृति दिने,

ग) गल्कोट नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयहरुमा अध्यनरत आधारभूत तह (कक्षा ८) मा अध्यनरत उत्कृष्ट अंक प्राप्त गर्ने उत्कृष्ट ३ छात्र ३ छात्रा र संस्थागत बाट एक छात्र एक छात्रालाई रु ५००० (अक्षेरुपे पाँच हजार) का दरले छात्रावृति दिने,

घ) गल्कोट नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयहरुबाट SEE वार्षिक परिक्षामा उत्कृष्ट अंक प्राप्त गरी विज्ञान संकाय सञ्चालन भएको विद्यालयमा कक्षा ११ मा भर्ना भई अध्ययन गर्ने दुई छात्रा र दुई छात्र गरी जम्मा ४ जना छनौट गरि रु ७००० (अक्षेरुपे सात हजार) का दरले छात्रवृत्ति प्रदान गने,


ङ) गल्कोट बहुमुखि क्याम्पसमा संचालित दुई संकाय (शिक्षा र व्यवस्थापन) अध्यन गर्ने विद्यार्थीहरुका लागि उत्कृष्ट अंक प्राप्त गर्ने गरिबि/ जेहेन्दार (पहिलो/दोस्रो /तेस्रो/चौथो) बर्षमा अध्यनरत विद्यार्थीहरुबाट (शिक्षा र ब्यबस्थापन) ८ जना गरि १६ जनालाइ प्रत्येक वर्षको लागी जम्मा शुल्क वापतको ५० प्रतिशत छात्रावृत्ति प्रदान गने।

च) सामुदायिक तथा संस्थागत विद्यालबाट जेहेन्दार विद्यार्थीहरुमध्येबाट SEE मा उत्कृष्ट अंक प्राप्त गर्ने दुई छात्रा दुई छात्र ( सामुदायिक दुइ र संस्थागत दुइ गरी जम्मा चार जनालाइ प्रत्येकलाइ रू. २००० का दरले छात्रावृत्ति प्रदान गने,



# कक्षा ६ का लागि दिवा खाजा व्यवस्थापन

कक्षा–६ का लागि दिवा खाजा माग गर्दै नगर–प्रमुख लाई चिठी



मिति: २०८०/०४/१५

श्री नगरप्रमुख ज्यू,
गलकोट नगरपालिका।
गलकोट, बागलुङ

विषय : दिवा खाजा सम्बन्धमा ।

आदरणीय नगर प्रमुख ज्यू सादर नमस्कार,

प्रस्तुत विषयमा नेपाल सरकारले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि बालकक्षा देखि कक्षा ५ सम्म दिवा खाजा उपलब्ध गराउँदै आइरहेकोमा आ.व. २०८०/०८१ को बजेटमा कक्षा ६ का विद्यार्थीहरूलाई दिवा खाजा उपलब्ध गराउन नसकने भन्ने जानकारी प्राप्त भएको खबरले म, लगायत कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरू चिन्तित छौं । पाइरहेको खाजा नपाउँदा नेपाल सरकारले, कलिला बाल-बालिकालाइ उपेक्षा गरेको अनुभुति गरेका छौं ।

आदरणीय नगर प्रमुख ज्यू, गलकोट नगरपालिका समक्ष समाधान गनुपर्ने थुप्रै विषयवस्तुहरु छन होला हुँदा हुँदै पनि नेपाल सरकारले कटौति गरेको कक्षा ६ को दिवा खाजालाई "बालबालिकामा गरेको लगानी, ल्याउँछ सुनौलो बिहानी" भन्ने नारालाई, आत्मसात गर्दै स्थानीय सरकारले उपलब्ध गराइदिनु भयो भने म लगायत गलकोट नगरपालिका भित्र कक्षा-६ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरू आभारी हुने थियौं।

अन्तयमा नगर प्रमुख ज्यूलाई दिवा खाजा उपलब्ध गराइदिनु हुन भनि, गरेको यो आग्रहलाई पक्कै पनि अन्यथा लिनु हुने छैन यहाँको हृदय कलिला बालबालिका प्रति सदैव सकारात्मक थियो, छ र हुनेछ भन्ने अपेक्षाका साथमा यो पत्र यही अन्त्य गर्दछु ।

नमस्कार

तपाइको नगरविद्यार्थी
महिम चालिसे
कक्षा - ६
श्री शिव मा. वि.
ग.न.पा- ८ कौंडेबास, बागलुङ

दिवा खाजा कक्षा ६ लाई सम्बोधन विद्यार्थी दिवा खाजा खादैँ



# ३.२ जि.पि.ए. माथि ल्याउने कक्षा ८, १० र १२ का विद्यार्थी तथा उत्कृष्ट विद्यालय सम्मान





# वस्तुगत ज्ञान अभिवृद्धिका लागि रेडियो गलकोट मार्फत साप्ताहिक गलकोट क्वीज संचालन

## वार्षिक विजेता विद्यार्थी सम्मान तथा पुरस्कार वितरण कार्यक्रम






# समायोजन तथा तह मिलान भएका विद्यालयका विद्यार्थीहरुलाई विद्यालय नियमितताको लागि यातायातको व्यवस्था

## गाउँका विद्यालय रित्तिन थालेपछि धमाधम गाभिँदै

**गाउँका विद्यालय रित्तिन थालेपछि बागलुङको गलकोट नगरपालिकाले नजिकको विद्यालयसँग समायोजन गरिरहेको छ।**

डम्मर बुढामगर | मंगलबार, माघ ९, २०८०

82 Shares



रिपोर्ट: बागलुङ

## विद्यार्थी लिन घर-घरमै गाडी !

### टाढाका विद्यार्थीको सुविधाका लागि पालिकाको पहल



डम्मर बुढा मगर

बागलुङमा बसाईंसराइ गरी बजार झर्ने र विदेश जाने संख्या गलकोट नगरपालिकामा अन्यत्र भन्दा बढी छ। यहाँका खेतीयोग्य जमीन बनमाराले ढपक्कै ढाकिएका छन्। एकदशक अगाडिसम्मका रमाइला गाउँ-बस्ती हिजोआज उराठलाग्दा बनेका छन्। पहिले विद्यार्थी भरिभराउ भेटिने विद्यालय अहिले सुनसान छन्। जनसंख्या कम हुँदै गएपछि धेरै विद्यालय बन्द नै हुने स्थितिमा पुगेका छन्।


विद्यालयमा विद्यार्थी घटेपछि गलकोट नगरपालिकाले विद्यालय समायोजन र तह मिलान गरिरहेको छ। यसबाट बाँकी रहेका सानो संख्याका विद्यार्थी टाढाका विद्यालय जानुपर्ने स्थिति पैदा भएको छ। त्यसरी विद्यालय टाढा पर्ने विद्यार्थीलाई नगरपालिकाले यातायातको सुविधा दिन थालेको छ। गलकोट नगरपालिकामा सबैभन्दा टाढाका बस्ती वडा नम्बर ७ को झिर्का र टोकरी गाउँ हुन्। यी गाउँबाट आधारभूत र माध्यमिक तह अध्ययन गर्न जनहित मावि धाउनुपर्छ। विद्यालय झर्दा ओरालो पर्ने हुँदा एकै घण्टामा पुग्ने गरे पनि घर फर्किंदा दुई घण्टाभन्दा बढी लाग्थ्यो। टोकरी गाउँकी निकिता थापा अहिले कक्षा १२ मा पढ्छिन्। उनी अघिल्लो वर्षसम्म झन्डै डेढ घण्टा हिंडेर गाउँभन्दा तल रहेको जनहित माविमा जान्थिन्। गाडीको सुविधा भएपछि अहिले उनी जस्ता विद्यार्थीलाई घण्टौं हिंड्ने बाध्यता हटेको छ। थापाले भनिन्, "घरमा आएर समयमै होमवर्क गर्न पाइन्छ, बिहान स्कूल जान हतार गर्नु पनि पर्दैन, स्कूल जाँदा ढिलो होला भन्ने पिर हरायो, हाम्रो गाडी ८ बजे आउँछ।"



**घरमै गाडी पुग्दा अभिभावक दंग**

बालबालिकालाई लिन घरमै गाडी जान थालेपछि अभिभावक पनि खुशी भएका छन्। गाडीको भाडा नगरपालिकाले नै तिरिदिने गरेको छ। नगरपालिकाले यातायातको सुविधा दिएपछि बालबालिकाहरूमा विद्यालय जाने रुचि बढेको अभिभावक कमलबहादुर खत्रीले बताए। खत्री भन्छन्, "पहिला छोराछोरीलाई आफैं स्कूल पुऱ्याउन जानुपर्थ्यो, स्कूल पुऱ्याएर आउँदा यता आफ्नो घरको काम-धन्दा सबै बिटथ्यो।"

# गलकोट नगरपालिकाको सम्पूर्ण विषयवस्तु समेटिएको "हाम्रो गलकोट (कक्षा १–८) तथा मूल्याङ्कन पुस्तिका निर्माण तथा वितरण








# सुत्केरी सट्टा शिक्षकको व्यवस्था:

महिला शिक्षक सुत्केरी हुदा नियमानुसार पाउने ९८ दिन विदाका लागि अध्ययन निरन्तरताका लागि सट्टा शिक्षकको व्यवस्था

गल्कोट नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

(शिक्षा, युवा तथा खेलकुद शाखा)

गलकोट, बागलुङ

गल्कोट बागलुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:- २०८०/०८१
चलानी नं:- ५८

मिति:-२०८०/५/३१

**विषय: अनुमती प्रदान गरिएको सम्बन्धमा।**

**श्री रत्न लक्ष्मी माध्यमिक विद्यालय,**
**गलकोट – ११, बाग्लुङ्ग।**

प्रस्तुत विषयमा तहाँ विद्यालयको च.नं. २७, मिति २०८०/०५/३१ मा प्राप्त पत्रानुसार तहाँ विद्यालयमा मा.वि. तृतीय श्रेणी नेपाली विषयको स्थायी शिक्षक श्री निरु अधिकारीले सुत्केरी विदा सम्बन्धमा मिति २०८०/०५/२४ मा पेश गरेको निवेदन मिति २०८०/०५/२७ गतेको विद्यालय व्यवस्थापन समितिको बैठकले प्रचलित शिक्षा नियमावली-२०५९ मा व्यवस्था भए बमोजिमको विदा मिति २०८०/०५/२४ गते देखि लागु हुने गरी स्वीकृत गरे अनुसार गलकोट नगरपालिकाको नगर शिक्षा कार्यक्रम तर्फ स्वीकृत सुत्केरी विदामा रहेका महिला शिक्षकहरुको विदा अवधिमा वैकल्पिक शिक्षक व्यवस्थापन अन्तर्गत नगर शिक्षा समितिको निर्णय बमोजिम सुत्केरी सट्टा स्वयंमसेवक शिक्षक व्यवस्थापन गर्न बढीमा ३ महिनाका लागि मासिक रु ३०,०००|– का दरले निर्वाह खर्च उपलब्ध गराउने गरी विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम सम्बन्धित तहमा योग्यता पुगेको स्वयंसेवक शिक्षक व्यवस्थापन गर्न अनुमती प्रदान गरिएको छ। शिक्षक व्यवस्थापन गरी सोको अभिलेख यस कार्यालयमा बुझाउनुहुन समेत अनुरोध छ।

# (स्वास्थ्य तर्फको)

| बजेट | विनियोजित | निकासा बजेट | भौतिक प्रगति | बजेट खर्च (%) |
|---|---|---|---|---|
| सर्शत अनुदान | ५१३४३००० | ४९२२८८२७ | १०० | ९६ |
| नगर तर्फको कार्यक्रम | ८०६५००० | ५८५७३२९ | ९५ | ७३ |

# गलकोट नगरपालिका स्वास्थ्य शाखाबाट आ.व. ०८०।८१ मा सम्पादित गरिएका मुख्य मुख्य क्रियाकलाप

- जेष्ठ नागरीक स्वास्थ्य परीक्षण
- नसर्ने रोगको स्क्रिनीङ कार्यक्रम
- पोषण लेखाजोखा कार्यक्रम
- मनेवा राजमार्ग आपतकालीन स्वास्थ्य सेवाको उद्घाटन
- विपन्न, महिला स्वास्थ्य स्वयंसेविका र ग वर्गका अपांगका लागि निशुल्क स्वास्थ्य बीमा कार्यक्रम

पारिवारीक स्वास्थ्य प्रोफाइलका लागि सबै घरधुरीमा तथ्यांक संकलन

निशुल्क स्वास्थ्य शिविर संचालन

आइपीभी र दादुरा रुबेला खोप अभियान संचालन

पूर्ण खोप सुनिश्चित नगर घोषणा कार्यक्रम

सबै स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्डको मुल्यांकन तथा सुदृढिकरण

- गलकोट नगर अस्पतालमा CEONC का लागि सम्पूर्ण पूर्वाधार तयार पारिएको साथै प्रयोगशालामा अत्याधुनिक उपकरणको व्यवस्थापन गरिएको
- स्वास्थ्य प्रोफाइल प्रकाशन गरिएको
- क्षयरोग मुक्त गलकोट अभियान संचालन गरिएको
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिएको
- डेंगु नियन्त्रणका लागि खोज र नष्ट गर हटिया, मल्म, रिश्मी र नरेठाटीमा अभियान संचालन गरिएको

- प्रजनन रुग्णता स्वास्थ्य शिविर नरेठाटी, दुदिलाभाटी र पाण्डवखानीमा सञ्चालन गरिएको ।
- हरेक महिना हरेक संस्थामा ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम संचालन साथै अधिकांश संस्थामा पाठेघरको मुखको क्यान्सरको जाँचको प्रबन्ध मिलाइएको
- नरेठाटी र रिघा स्वास्थ्य चौकीलाइ किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था प्रमाणिकरण गरिएको
- गलकोट नगर अस्पताल र नरेठाटी स्वास्थ्य चौकीमा OTC स्थापना गरिएको
- खानेपानी मुहानहरुको जाँच गरीएको
- विश्व स्वास्थ्य दिवस र महिला स्वास्थ्य स्वयंसेविका दिवस भब्य रुपमा मनाइएको
- बृद्धि अनुगमन प्रोत्साहनका लागि कोलगेट ब्रस बितरण गरीएको

# पुर्ण खोपयुक्त नगर घोषणा






# जेष्ठ नागरीक स्वास्थ्य परीक्षण

**फोटो ग्यालरी**









## गलकोट नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## स्वास्थ्य शाखा
## गलकोट, बागलुङ

## घरघरमा जेष्ठ नागरीक स्वास्थ्य परीक्षण कार्यक्रम

### २०८०।८१(प्रथम चरण)को प्रतिवेदन

गलकोट नगरपालिकामा बसोबास गर्ने ब्यक्तिहरु बिशेष गरी जेष्ठ नागरीकहरुमा पछिल्लो समयमा बढ्दै गइरहेको नसर्ने रोगको प्रकोपलाइ नियन्त्रण गर्नका लागि जेष्ठ नागरीकको घरदैलोमा पुगेर रक्तचाप, मधुमेह, मृगौला रोग लगायतका रोगहरुको स्क्रिनिङ गर्नका लागि यो कार्यक्रम सुरुवात गरिएको थियो। हाल बर्षमा दुइ पटक सम्बन्धीत वडामा कार्यरत स्वास्थ्यकर्मीहरु जेष्ठ नागरीकहरुको घरदैलौमा पुगेर नसर्ने रोगको स्क्रीनिङका साथै क्षयरोग, मोतियाबिन्दु, आङ खस्ने, अब्स्ट्रेटिक फिस्टुला लगायतका रोगहरुको स्क्रिनिङ गरी उपचार, प्रेषण तथा परामर्श गर्ने गरिएको छ। साथसाथै पोषण अवस्थाको लेखाजोखा गरी परामर्श दिनका लागि प्रत्येक जेष्ठ नागरीकको BMI निकाली आवश्यक परामर्श दिने गरिएको छ। यो कार्यक्रममा लाभग्राहीका रुपमा ६० बर्ष उमेर पुरा भएका जेष्ठ नागरीकहरुलाइ समावेश गरिएको छ।

**कार्यक्रमको उद्देश्य :**

गलकोट नगरपालिकामा बसोबास गर्ने जेष्ठ नागरिकहरुको घरदैलोमा नै पुगी उहाँहरुको स्वास्थ्य जाँच गरी स्वास्थ्य सेवाको पहुँचलाई दुर दराजसम्म पुर्याउनु यस कार्यक्रमको उद्देश्य रहेको छ। अघिल्लो बर्ष देखि घर घरमा पुगी सेवा प्रदान गर्दा विभिन्न स्वास्थ्य समस्याहरुको पहिचान गरी आवश्यक उपचार तथा प्रेषणको सेवा प्रदान गरिएकोमा जेष्ठ नागरीकहरुमा स्वास्थ्य सेवाले ल्याएको खुशी प्रष्ट देख्न सकिन्थ्यो। नसर्ने रोग जस्तै मधुमेह, उच्च रक्तचाप, पिसाबमा समस्या, मृगौला जाँच, आखा, नाक, कान तथा मुखको जाँच, क्षयरोगको स्कृनिङ तथा खकार जाँच, पोषण अवस्थाको लेखाजोखा, धुम्रपान तथा मध्यपान अवस्था, महिलाहरुमा स्त्री रोगको पहिचानका लागि स्तनको जाँच, आङ खस्ने समस्याको जाँच तथा फिस्टुलाहरुको जाँच गरी उपचार, प्रेषण तथा परामर्शका सेवाहरु प्रदान गरी जेष्ठ नागरिकहरुको स्वास्थ्य अवस्थामा सुधार ल्याउने यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

**सञ्चालन प्रक्रिया :**

गलकोट नगरपालिका अन्तर्गतका सबै वडामा रहेका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुलाइ घरदैलोमा पठाइ ६० बर्ष माथीका सबै नागरीकहरुको स्वास्थ्य जाँच गरी आवश्यक उपचार, परामर्श तथा प्रेषण सेवा प्रदान गरिएको छ। स्वास्थ्य परीक्षण अन्तर्गत मधुमेह, उच्च रक्तचाप, पिसाबमा समस्या, मृगौला जाँच, आखा, नाक, कान तथा मुखको जाँच, क्षयरोगको स्कृनिङ तथा खकार जाँच, पोषण अवस्थाको लेखाजोखा, धुम्रपान तथा मध्यपान अवस्था,

# गलकोट नगरपालिका पशु तर्फको बजेट

- नगर विनियोजन तर्फः रू. ४९,५०,०००/-
- संघिय सशर्त विनियोजन तर्फः रू. १०,००,०००/-
- जम्मा बजेटः रू. ५९,५०,०००/-
- कुल बजेटको खर्चः रु.४५,३७,९०५/-
- ***बजेट खर्च प्रतिशतः (७६%)***

# चिस्यान केन्द्र सवलिकरण तथा दुध संकलन केन्द्र विस्तार

- कुल बजेट रु. ५ लाख
- कुल खर्च रु. ४,५६,९६०/- (९१% खर्च)
- गलकोट कृषि सहकारी संस्था लि. संग सम्झौता बमोजिमको कार्य





# उत्पादनमा आधारित नगद अनुदान कार्यक्रम (दुधमा)

- कुल बजेट रु. ८ लाख
- गलकोट नगरपालिका र गलकोट कृषि सहकारी संस्था लिमिटेड, ग.न.पा. ९,रिष्मीको साझेदारीमा यो आ.व. मा ८०,८०८ लि. दुधको प्रति लिटर रु ३ रुपैयाका दरले रु.२,४२,४२४/- (३०% खर्च) रकम भुक्तानी गरिएको छ।
- सम्झौता अवधि भित्र भएको दुध
  आधारमा अनुदान रकम भुक्तानी भ



## लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम तर्फ विशेष अनुदान

| विनियोजन | खर्च |
|---|---|
| ५०,००,०००।- | २८८६७०।- |

## नगरपालिकाका स्वीकृत कार्यक्रम

| विनियोजन | खर्च |
|---|---|
| ६१५०००००।- | ४०९०३६५।- |

# महिला जनप्रतिनिधिहरु र अगुवा महिलाहरुको लागी ३ कार्यदिने उद्घोषक्षणकला र नेतृत्व विकास तालिम संचालन गरिएको ।








# कृषि कार्यक्रम तर्फको बजेट

- **नगर विनियोजन तर्फः**

- विनियोजित रकमः रू. ७९,००,०००
- भुक्तानी रकमः रू. ४६,३१,७५५
- खर्च प्रतिशतः ५८.६२

- **संघिय सशर्त विनियोजन तर्फः**

- विनियोजित रकमः रू. २४,२४,०००
- भुक्तानी रकमः रू. १६,३२,९६४
- खर्च प्रतिशतः ६७.३६

# उत्पादनमा आधारित नगद अनुदान कार्यक्रम

- विनियोजित बजेट- रू. ८,००,०००
- गलकोट नगरपालिका र गौमुखी कृषि विकास सहकारी संस्था लिमिटेड, हटिया को साझेदारीमा गत आ.व २०७९/८० मा हाटबजार तथा तरकारी संकलन केन्द्रको भौतिक संरचना स्थापना भएको, प्रत्येक शनिवार हाटबजार संचालनमा रहेको,
- वार्षिक कम्तिमा १०० के.जी तरकारी सहकारीलाई बेचेमा १ के.जी बराबर रू.५ नगद अनुदान प्रदान गरिने सम्झौता भएको र २०८० चैत्र ३० गते नगर प्रमुख, उप- प्रमुखको उपस्थितिमा केहि किसानलाई अनुदान रकम वितरण गरिएको।
- भुक्तानी रकमः रू. ३,३६,११५

# उत्पादनमा आधारित नगद अनुदान हस्तान्तरण कार्यक्रम






# आन्तरिक आय प्रवर्दनका लागी गरिएका प्रयासहरु

- राजस्व परामर्श समितिको कार्यलाई प्रभावकारी बनाईएको
- करदाताहरुको पहिचान गर्दै करको दायरा फराकिलो पार्न अध्ययन गरिएको ।
- घर नक्सापास गर्ने कार्य लाई अनिवार्य गरिएको
- अनलाईन ई–सेवा मार्फत कर भुक्तानी गर्ने व्यवस्था गरिएको ।
- बजार अनुगमन गरेर व्यवसायको वर्गिकरण गरी यवसायीहरुलाई व्यवसाय दर्ता र नविकरणमा सरलीकरण गरिएको ।
- सम्पत्ति कर पुर्ण रुपमा कार्यान्वयन गरिएको ।

# पालिकाका असल अभ्यासहरु

- नगरपालिकाको आफ्नै पहलमा एम.डि.जि.पि. डाक्टर सहित स्थानीय स्तरमै विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइएको,
- सहकारी संस्था संगको साझेदारीमा कृषि हाटबजार स्थापना र संचालन,
- कृषकहरुलाई उत्पादनमा आधारित अनुदान कार्यक्रम मार्फत कृषि उत्पादनमा प्रोत्साहन,
- कृषि उपजको न्यूनतम समर्थन मूल्य कायम गरी कृषि उपज खरिद गर्ने कार्यको शुरुवात,
- नगरपालिकाको प्रशासकीय भवन निर्माण भईरहेको र सबै वडामा वडा कार्यालय र पुरानो स्वास्थ्य चौकीहरुमा नयां भवन निर्माण कार्य भैरहेको,

# पालिकाका असल अभ्यासहरु

- वालमैत्री स्थानीय शासनयुक्त नगरपालिका दिगोपनाको लागि कार्यक्रम संचालन
- सबै वडामा बाह्रैमहिना सँचालन हुने सडकको व्यवस्था भएको ।
- स्थानीय आपतकालीन कार्य संचालन केन्द्रको स्थापना र संचालन
- सार्वजनिक सुनुवाई, खर्चको सार्वजनिकीकरण जस्ता कार्यहरुमार्फत पारदर्शितामा जोड दिईएको,
- सामुदायिक विद्यालयहरु विद्यार्थी संख्याको आधारमा समायोजन र तह मिलानको कार्यलाई निरन्तरता दिइएको आदि ।

# समस्याहरु

- पर्याप्त र सुविधासम्पन्न भौतिक पुर्वाधारको विकास भैनसकेको,
- राजस्व संकलनका लागि दायरा बृद्धि गर्न नसक्दा संघीय अनुदानमा भर पर्नुपर्ने अवस्था,
- स्वीकृत केही कार्यक्रम र आयोजना कार्यान्वयन गर्न नसिकएको न्युनतम समर्थन मूल्यमा कृषि उपज खरिद गर्ने,
- विच विचमा कर्मचारी सरुवा हुंदा कार्यमसम्पानदनमा समस्या,
- निर्माण व्यवसायीको ढिलासुस्तीको कारण प्रशासकीय भवन तोकिएको समयमा निर्माण हुने सम्भावना कम हुंदै गएको आदि।

# सुझावहरु

- स्रोत र आवश्यक्ता बमोजिमका कार्यक्रम संचालनका लागि संघीय र प्रदेशको अनुदानमा वृद्धि गर्नुपर्ने,
- संघीय र प्रदेशका कार्यक्रम संचालनका लागि प्रभावकारी समन्वय कायम गर्नुपर्ने
- स्थानीय तहको जग्गा प्राप्तिको प्रकृयालाई सहज बनाउनुपर्ने,
- संघ तथा प्रदेशबाट संचालित आयोजनाको जिल्ला समन्वय समितिबाट अनुगमन गरी प्रभावकारिता वृद्धि गर्नुपर्ने
- नगर अस्पतालमा प्रदेश सरकारको तर्फबाट विशेष कार्यक्रम संचालन गर्नुपर्ने ।

आदि ।

# भवन निर्माण तथा मर्मतका केहि तस्विर









# प्रशासकीय भवन निर्माणका तस्विर







# सडक निर्माण तथा मर्मतका केहि तस्विर






# सडक निर्माण तथा मर्मतका केहि तस्विर












# सडक निर्माण तथा मर्मतका केहि तस्विर











# टेउवा मुर्तीकला संग्राहलय का केहि तस्विर











# सिँचाई कुलो निर्माण तथा मर्मतका केहि तस्विर



# अनुगमनका क्रममा लिईएका केहि तस्विर







# अन्य आयोजनाका केहि तस्विर











# धन्यवाद

